# चितवनमा उद्यमशीलताका अवसर र चुनौती



**शोभाखर अधिकारी**
सहायक प्राध्यापक, सप्तगण्डकी बहुमुखी क्याम्पस

केही समय र प्रयत्नको समर्पणद्वारा केही नयाँ चिज प्राप्त गर्ने अभिलाषाका साथ कार्य गर्नुलाई उद्यमशीलता भनिन्छ । ऊर्जाशील मानिसहरूले जोखिम वहन गरी व्यावसायिक कार्य गर्नु र पुरस्कारस्वरूप नाफा आर्जन गर्नु नै उद्यमशीलताको उद्देश्य हो । पुँजी निर्माण गरी व्यवसाय, कलकारखाना तथा उद्यम गरी रोजगारीको वृद्धि गरी जीवनस्तर उकास्दै राष्ट्रिय समृद्धिका लागि उद्यमशीलता महत्त्वपूर्ण मानिन्छ । केही प्रयत्नद्वारा केही परिणाम अथवा नतिजा प्राप्तिका लागि कार्य गरेका हुन्छन् । सङ्गठित तरिकाले उद्योग, व्यवसाय, कलकारखाना, कृषि, पर्यटन आदि क्षेत्रमा केही उत्पादनशील भएर कार्य गर्न एकीकृत रूपमा तयार हुनु भनेको कर्पोरेट उद्यमशीलता मानिन्छ । कर्पोरेट उद्यमशीलताले नयाँनयाँ सम्भावना भएका उद्योगकलकारखानाको स्थापना गरी रोजगारीको सृजना गरी वस्तु तथा सेवाको क्षेत्रबाट देशलाई आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण योगदान गरी राष्ट्रिय अर्थतन्त्रमा सकरात्मक प्रभाव पारेको हुन्छ । नेपाल विकासोन्मुख चरणबाट विस्तारै औद्योगिकीकरणको जमानामा प्रवेश गरेको सन्र्दभमा यो कर्पोरेट व्यावसायिकता अथवा सुसङ्गठित उद्योग, व्यवसाय, कलकारखानाको आवश्यकता बढ्दो रूपमा छ । मानवीय स्रोत, साधन, कच्चा पदार्थ, पुँजी, श्रम, सङ्गठनको समुचित व्यवस्थापनबाट सकरात्मक नतिजाका लागि कार्य गर्नु भनेको कर्पोरेट उद्यमशीलताका लागि क्रियाशील हुनु हो । औद्योगिक हिसाबले विराटनगर, वीरगञ्ज जस्ता पुरानो नाम कहलिएको ठाउँको जस्तो चितवनको इतिहास छैन तथापि हाल आएर विकासक्रमको हिसाबले भन्ने हो भने अरू ठाउँभन्दा तीव्र रूपमा अगाडि बढिरहेको सन्दर्भमा औद्योगिक विकासको सम्भावनाको हिसाबले निकै प्रचुरता रहेको पाइन्छ । औद्योगिक लगानीको हिसाबमा सानाठुला उद्योगको रूपमा ९००० वटा संस्थानहरू चितवनमा वस्तु तथा सेवाहरू उत्पादनको बजारमा क्रियाशील रहेको पाइन्छ । औद्योगिक करिडोर, व्यवस्थित बाटाघाटाको अभाव, लगानीमैत्री सरकारी नीतिको अभाव तथा केही न केही रूपमा भएको विद्युतीय अभावको अवस्थामा पनि यत्तिको ठूलो सङ्ख्यामा रहेर चितवन उद्योग सङ्घको व्यावसायिक संस्थाको संस्थागत अगुवाइको प्रयासको फलस्वरूप केही दीर्घकालीन औद्योगिक विकासका सम्भावनाको हिसाबले कर्पोरेट व्यवसायको राम्रो विकासको सङ्केत पाइन्छ । उद्योग, वाणिज्यका क्षेत्रमा चितवन अब अग्रणी जिल्लाको रूपमा रहने पूर्वाधार विकासको क्रमले पनि देखिन्छ । देशको मध्य भाग अवस्थित यो सुगम जिल्ला चितवन विकास र विस्तारमा सबै जिल्लाको लागि उदाहरणको रूपमा रहेको छ । यहाँ विशेष गरेर व्यापारिक उद्यम,उत्पादन उद्यम,कृषि उद्यम तथा पर्यटन उद्यमको रूपमा व्यवसायले नयाँ सम्भावनाको लागि उत्साहित भएको पाइन्छ ।

कर्पोरेट शब्द आधुनिक व्यावसायिक क्षेत्रमा निरन्तर प्रयोग हुने गर्दछ । कर्पोरेट शब्द अङ्ग्रेजी शब्दावली 'कर्पोरस' बाट आएको हो । यसको अर्थ हुन्छ– सबै अङ्गलाई एउटै शरीरको रूपमा एकत्रित गर्नु अथवा सुसङ्गठित अर्थ लाग्ने यस शब्दको पछाडि धेरै अर्थ र विशेषता रहेको छ । उद्योग, व्यवसाय क्षेत्रको विकास एकलौटी व्यवसाय, साझेदारी व्यवसाय,संयुक्त पुँजी कम्पनी हुँदै बहुराष्ट्रिय कम्पनीसम्म पुगेकोमा यो कर्पोरेट भन्ने कुन परिभाषा आयो भन्न सकिन्छ । व्यावसायिक क्षेत्रमा जुनसुकै मोडलमा लगानी भए तापनि सफलता पाउनका लागि व्यावसायिकता चाहिन्छ । त्यसका लागि कर्पोरेट अवधारणा र कार्यक्रमको आवश्यकता पर्दछ । कर्पोरेट संस्कृति भन्नाले व्यवसायको विकासमा मालिक आफैँ प्रत्यक्ष क्रियाशील हुनुको सट्टा व्यवस्थापकहरूलाई नियमानुसारको अधिकार प्रदान गरी प्रणालीगत

व्यावसायिक गतिविधि गर्नु भन्ने बुझिन्छ । व्यवसायमा कर्पोरेट संस्कार केही सिद्धान्तहरूको आधारमा गरिएको हुन्छ । निर्देशनमा कडाइको सिद्धान्त,जोखिम विरूद्धको सुरक्षाको सिद्धान्त, पहलकदमीमा सुझबुझको सिद्धान्त, क्षेत्राधिकारको सीमितताको सिद्धान्त आदि रहेका छन् जसको माध्यमबाट व्यवसायलाई लगानीकर्ताविना पनि निरन्तर सञ्चालनका लागि सहजता कायम हुन्छ । अनावश्यक जोखिम वहनबाट परै रहेर उच्च उत्पादन र हानिनोक्सानीको नियन्त्रण यस अवधारणाको प्रमुख विशेषता हो ।

नेपाली उद्योग व्यवसायहरूले भोगेका केही समस्याका बावजुद जुन उत्साहका साथ चितवनका उद्योगी, व्यवसायीहरू क्रियाशील छन् त्यो अन्य सरोकारवाला निकायको लागि अनुकरणीय छ । पहिलो कुरा विभिन्न वित्तीय अवरोधका रूपमा उद्योगव्यवसायलाई लगानीकर्ता वित्तीय संस्थाहरूको सहकार्यमा चुनौतीपूर्ण छ । प्रविधिको प्रयोगमा नेपालका उद्योगी, व्यवसायीहरू अन्तर्राष्ट्रिय बजारमा भर पर्नुपर्ने अवस्थाले उच्च गतिशील प्रविधिको प्रयोगमा सुलभता छैन । आधारभूत औद्योगिक संरचनाहरू बाटोघाटो, पुलपुलेसा, विद्युत्, पानी, कच्चा पदार्थको सहज आपूर्ति नहुनु तथा भारतीय उत्पादनसँगको प्रतिस्पर्धाले नेपाली उत्पादनका उद्योग व्यवसायहरू टिक्नका लागि कठिन अवस्था सामना गर्नुपरेको छ । स्थानीय स्रोतसाधनको प्रयोग गरेर वस्तु तथा सेवाको उत्पादन कार्य गरिरहेका दुर्गमका कृषि तथा पर्यटन व्यवसायले समुचित बजार तथा यातायात सुविधाका अभावमा आफ्ना वस्तु तथा सेवाहरूबाट उपयुक्त लाभ लिन नसक्दा उद्योगधन्दा कलकारखानाहरूको विकास र विस्तार हुन नपाएर राष्ट्रिय उद्योग, व्यवसाय पलायन हुने स्थिति उत्पन्न भएको छ । चितवनमा रहेका उद्योग, व्यवसायका निम्न प्रकारका अवसर र चुनौती रहेका छन् :

१. **व्यापारिक उद्यमः** विभिन्न उत्पादकहरूबाट वस्तु, सेवाहरू र कच्चापदार्थहरू खरिदबिक्री कार्यमा मात्र संलग्न कारोबारलाई व्यापारिक उद्यम भनिन्छ । थोकमूल्यमा तयारी वस्तु, सेवाहरू र कच्चा पदार्थको खरिद गरी मुनाफा कमाउने दृष्टिकोणबाट व्यापारिक संस्थानहरू सञ्चालित हुन्छन् । हाल चितवनमा पनि व्यापारिक उद्यममा पनि बृहद् बिक्रीको अवधारणाअनुसार कर्पोरेट व्यापारका रूपमा हामी विभिन्न सुपरमार्केट तथा डिपार्टमेन्टल स्टोर्सका रूपमा यो व्यवसाय अगाडि बढेको छ जुन परम्परागत व्यवसायलाई विभिन्न चुनौती प्रदान गरेको पाइन्छ ।

२. **उत्पादनमूलक उद्यमः** वस्तु तथा सेवाको क्षेत्रमा विभिन्न उत्पादनका साधनको प्रयोग गरी उपभोग्य वस्तु उत्पादन गरी मुनाफा कमाउने उद्देश्यअनुसार स्थापित उद्यमलाई उद्योग अथवा उत्पादन उद्यम भनिन्छ । ग्राहकको इच्छा, चाहनाको अध्ययन गरी कारखानाबाट वस्तु तथा सेवाको उत्पादन गरी बजारमा थोक वा खुद्रा व्यापारीहरूका माध्यमबाट बिक्रीवितरण गरी वस्तु तथा सेवाबाट अतिरिक्त लागत लाभ लिई नाफा आर्जन गरी यो व्यवसाय क्रियाशील भएको पाइन्छ । चितवनका उद्योग व्यवसायहरू पनि सरकारको सहयोगमा औद्योगिक क्षेत्रको निर्माण र उद्योग, व्यवसायको हितका लागि विभिन्न प्रदर्शनीमार्फत् सेवाबजारमा नयाँनयाँ अवसरको खोजी कार्य अगाडि बढाइएको पाइन्छ ।

३. **कृषि–उद्यमः** चितवनमा अर्को उद्यमको रूपमा कृषिकार्यमा संलग्न कृषकहरू उद्यमका रूपमा कार्य गरी तरकारी, बाली, बिउबिजन, खाद्यान्नको उत्पादन गरी व्यावसायिक रूपमा जीवनयापन गरेको पाइन्छ । चितवन धान गहुँ, तरकारी,तोरीको कृषि उपजमा निक्कै अगाडि रहेको पाइन्छ । कृषिमा आधुनिकीकरण बिना अब कृषिकार्य गर्न नसकिने अवस्थाको सृजना भएको हुनाले विभिन्न कृषि मेसिन औजारको प्रयोगले नयाँ अवसरको ढोका खोलेको पाइन्छ ।

४. **पर्यटन–उद्यमः** बिदा मनाउने,घुम्ने,आराम गर्ने,नयाँ ठाउँ हेर्ने आदि अभिप्रायले भ्रमण, घुमघाम गर्ने मानवीय प्रवृत्तिलाई पर्यटन भनिन्छ । यस्तो अभिप्रायले घुमघाम गर्ने व्यक्तिहरू पर्यटक हुन् । चितवन पर्यटनव्यवसायको हिसाबले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । विश्वसम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्ज, नदीनाला,पहाड,समथर तराईका हिसाबले पर्यटकहरूको विश्वव्यापी गन्तव्यका रूपमा चितवनको सम्भावना रहेको छ ।